श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०१८ सालको ऐन नं. ४३

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराराज महेन्द्र वीर विक्रम जंगबहादुर शाह बहादुर शमशेर जंग देवानाम् सदा समरविजयिनाम्।

विध्वंसात्मक काम रोक्का र विध्वंसकारीको दमन गर्ने असाधारण अधिकारीको व्यवस्था गर्न बनेको ऐन।

नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्था कायम राख्न विध्वंसात्मक काम रोक्ने र विध्वंसकारीको दमन गर्ने असाधारण अधिकारको व्यवस्था गर्नु आवश्यक भएकोले श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ बमोजिम यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार प्रारम्भ र अवधि:— (१) यस ऐनको नाम विध्वंसात्मक काम रोक्ने र विध्वंसकारीको दमन गर्ने ऐन, २०१८ रहेको छ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ र नेपाली नागरिकलाई नेपाल अधिराज्य बाहिर पनि लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ र ६ महीनासम्म लागू रहने छ।

(४) यस ऐनको अवधि समाप्त भएपछि यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरेको सरह मानिई यस ऐन अन्तर्गत भए गरेका काम कुरामा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ।

२. परिभाषा:— विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) "विध्वंसात्मक काम" भन्नाले सरकारी सत्ता वा सार्वजनिक स्थितिमा खलल पार्ने मनसायले गिरोह खडा गरी वा नगरी गाथगादी ताक्ने, खून, डंकैती, आगो लगाउने वा अन्य कुनै फौज्दारी अपराध गर्ने गराउने वा सो कुराको उद्योग वा षड्यन्त्र गर्ने कामलाई सम्झनु पर्छ।

(ख) "विध्वंसकारी" भन्नाले विध्वंसात्मक काम गर्ने गराउने वा सो कुराको उद्योग वा षड्यन्त्र गर्ने व्यक्ति सम्झनु पर्छ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. विध्वंसात्मक काम रोक्ने अधिकार:— प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला बडाहाकिम वा मेजिष्ट्रेटले वा श्री ५ को सरकारबाट आदेशद्वारा तोकिएको अन्य कुनै अफिसरले आफ्नो इलाकाभित्र वा श्री ५ को सरकारबाट आदेशद्वारा तोकिएको अन्य कुनै स्थानमा विध्वंसात्मक काम रोक्न आफैले वा आफूले आदेश दिई अरूद्वारा आवश्यक बल प्रयोग गर्न सक्ने छ र असल नियतले त्यसरी बल प्रयोग गर्दा कुनै व्यक्ति मारिएमा पनि खतबात लाग्ने छैन।

४. विध्वंसकारीलाई सजाय गर्ने अधिकार:— (१) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विध्वंसकारी पक्राउ वा फरार भएमा जिल्ला बडाहाकिम वा मेजिष्ट्रेटको अध्यक्षतामा श्री ५ को सरकारबाट आदेशद्वारा तोकिएको अन्य दुई जना कर्मचारी सदस्य भएको ट्राइबुनलले आवश्यक सम्झेमा थुनामा राखी आवश्यक देखे बमोजिमको जाँचबूझ गरी यथा सम्भव सात दिनभित्र पक्राउ वा फरार भएका विध्वंसकारीका सम्बन्धमा ठहरे बमोजिमको निर्णय दिनेछ।

(२) उपदफा (१) अन्तर्गत भएको निर्णय उपर अपील लाग्ने छैन तर मृत्यु दण्ड वा ६ वर्षभन्दा बढी कैद वा पाँच हजार रुपैयाँभन्दा बढी जरिवानाको सजाय दिने गरी भएको निर्णय र बहुमत कायम हुन नसकेको जुनसुकै निर्णय श्री ५ को सरकारमा जाहेरगरी सदर भए बमोजिम गर्नुपर्छ।

(३) उपदफा (१) र (२) बमोजिम भएको अन्तिम निर्णय जिल्ला बडाहाकिम वा मेजिष्ट्रेटले कार्यान्वित गर्ने गराउने छ।

(४) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुभन्दा अघि घटेको विध्वंसात्मक कामका सम्बन्धमा हुने कानूनी कारवाईको टुङ्गो लागिनसकेको भए यसै ऐन बमोजिम हुनेछ।

तर श्री ५ को सरकारले विशेष अदालतमा सुम्पिसकेको केशका हकमा नेपाल विशेष अदालत ऐन, २०१३ बमोजिम हुनेछ।

५. अदालती कारवाइको अरू तरीका अपनाउन सकिने:— दफा ४ मा जेसुकै कुरा लेखिएको भए तापनि यो ऐन अन्तर्गतको कुनै केश श्री ५ को सरकारले विशेष अदालत ऐन, २०१३ अन्तर्गतको विशेष अदालतमा सुम्पन सक्ने छ।

६. बाधा अड्काउ फुकाउन आदेश जारी गर्ने अधिकार:— यो ऐन कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा श्री ५ को सरकारले ती बाधा अड्काउ फुकाउनको लागि चाहिदो आदेश जारी गर्न सक्नेछ र त्यस्तो हरेक आदेश यसै ऐनमा परे सरह मानिने छ।

आधिकारिकता सूचना विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।